नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद

# राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथ, धनुषा

## बिभिन्न पुराना सम्पत्ति सामानहरुको लिलाम बिक्रि सम्बन्धि शिलबन्दी बोलपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/१०**

**२०८३/०१/१० गतेको गोरखापत्र दैनिकमा प्रकाशित सुचना सम्वन्धमा बिस्तृत जानकारी एवं बिवरण**

यस राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथ, धनुषामा रहेका सवारी साधनहरु (साईकल) र मेशिनरी उपकरण, फर्निचर फिक्चर सामानहरु हाल जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा शिलवन्दी वोलपत्रद्वारा वढावढ गरी लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक पान नम्वर भएका ब्यक्ती र दर्तावाला फर्म/कम्पनीहरुलाई जानकारीको लागी तपसिलमा उल्लेख भएवमोजिम रीतपुर्वकको शिलवन्दी बोलपत्र आह्वान गरी यो सुचना प्रकाशित गरिएको छ ।

१. सम्पुर्ण विवरण सहितको बोलपत्र फाराम यो सुचना प्रकाशित भएको मिति देखि २०८३/०१/३० सम्म सार्वजनिक विदा वाहेक कार्यालय समयभित्र रु.१,०००।०० (एकहजार, पछि फिर्ता नहुने) नगदै भुक्तानी गरी खरिद गर्न सकिनेछ । खरिद गरिएका वोलपत्रहरु यो सुचना प्रकाशित भएको मिति देखि २०८३/०१/३० गते सम्म कार्यालय समयभित्र र २०८३/०१/३१ गते दिनको १२:०० बजेसम्म सार्वजनिक बिदा वाहेकको दिनमा यस कार्यालयमा दर्ता गर्न सकिनेछ । रितपुर्वक दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु २०८३/०१/३१ गते दिनको २:०० बजे यसै कार्यालयमा नियमानुसार खोलिने छ । कारणवश बोलपत्र दर्ता गर्ने वा खोलिने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट सोही समयमा सोही अनुसार उक्त कार्यहरु गरिनेछ ।

२. वोलपत्रसाथ आफुले कवोल गरेको रकमको १०% ले हुन आउने रकम धरौटीबापत राष्ट्रिय बाणिज्य वैंक,लिमिटेड,भानुचौक,जनकपुरधाम शाखा स्थित कोष तथा लेखा नियन्त्रण कार्यालय (कार्यालय कोड नं. ३१२४११७०२) धरौटी खाता नं. १२२०१००१०२०३०००० मा जम्मा गरेको सक्कलै अर्धकट्टी भौचर अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

३. वोलपत्रदाताले आफूले कवोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट खुलाई शिलवन्दी गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको कुरा केरमेट वा फरक परेमा रकम उल्लेखित दुईमध्ये जुन रकम वढी देखिन्छ सोही रकमलाई कवोल रकम मानी उक्त वढी रकमलाई नै मान्यता दिइनेछ ।

४. म्यादभित्र दर्ता भएका शिलवन्दी वोलपत्रहरु उल्लेखित वुंदा नं. १ मा उल्लेख गरिए अनुसारको समयमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । तर वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्नमा भने कुनै वाधा पुग्ने छैन ।

५. रीत नपुगेको तथा म्याद नाघी आएको वोलपत्र र शर्तहरु उल्लेख गरेको वोलपत्र माथी कुनै कारवाही हुनेछैन ।

६. वोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित(निहित) रहनेछ ।

७. वोलपत्र उपर निर्णय भइसकेपछि स्वीकृत बोलपत्रदाताले आफुले कवोल गरेको रकम कार्यालयको नाममा रहेको नविल वैंकलिमिटेड,जनकपुरधामको नन्अपरेटिभ खाता चल्ती हिसाव नं. ५२०६०१७५०००० ४ मा नगद जम्मा गरेको सक्कलै अर्धकट्टी भौचर पेश गरी १५ (पन्ध्र) दिनभित्रमा आफूले सकारेको एकमुष्ट सामान उठाई लैजानु पर्नेछ । म्यादभित्र सो सामानहरु उठाई लैजान नसकेमा धरौटी बापत राखिएको रकम जफत गरिनेछ । अस्वीकृत भएको वोलपत्रको धरौटी रकम वोलपत्र वारे निर्णय भएपछि नियमानुसार फिर्ता गरिनेछ ।

८. लिलाम गरिने कुनै पनि सम्पत्ति सामानहरुको कुनै पनि भ्याट, कर बुझाउनु वा चुक्ता गर्नुपर्ने भए लिलाम कबोलवाला फर्म/कम्पनी स्वयंले बुझाउनु पर्नेछ र उक्त रकम सम्वन्धित कार्यालयमा जम्मा गरेको सक्कलै रसिद प्राप्त भएपछि मात्र सामान उठाउन दिईनेछ ।

९. दर्ता भइसकेको शिलवन्दी वोलपत्र तथा अन्य कागजातहरु कुनै पनि प्रयोजनको लागि फिर्ता गरिने छैन ।

१०. यस सम्वन्धमा थप कुनै जानकारी आवस्यक भएमा कार्यालय समयमा कार्यालयको स्टोर, प्रशासन शाखामा सम्पर्क गरी प्राप्त गर्न सकिने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

११. यस कार्यालयबाट लिलाम विक्रि गरिने सम्पत्ति सामानहरुको कुल जम्मा न्युनतम मुल्य रु.२,२२,४४८/३० (अक्षेरुपी दुई लाख वाईस हजार चार सय अठ्चालीस रुपैया पैसा तिस मात्र) कायम गरिएको छ । न्युनतम मुल्य भन्दा कम कवोल गरी पेश गरेको वोलपत्र स्विकार्य नहुने अर्थात लिलाम मुल्याकंन कमिटिले तोकेको न्युनतम मुल्यभन्दा कममा सामान लिलाम विक्री गरिने छैन ।

१२. यस सूचनामा नपरेका अन्य कुराहरु नेपाल कृषि अनुसन्धान परिपद्को विनियम, कार्यविधि र प्रचलित ऐन, नियम, विनियम वमोजिम हुनेछ।

नि. संयोजक

CamScanner